

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ४ गते बुधबार ❑ 20 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गन्तव्य र बसाई बढाउन महानगर र होटल संघ एकमत

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ साउन**



नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विकास गर्दै पोखरा र वरपरका पर्यटकीय क्षेत्रको भ्रमणमा आउने पर्यटकको बसाई अवधि लम्ब्याउन सहकार्य गरेर अगाडि बढ्ने विषयमा पोखरा महानगरपालिका र होटल संघ पोखरा नेपाल एकमत देखिएका छन् ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको स्वागातार्थ संघले सोमबार पोखरामा आयोजना गरेको कार्यक्रममा होटल संघका पदाधिकारी तथा सल्लाहकारले पर्यटन क्षेत्रको अवस्था र सुधारका लागि सुझावहरु राखेका थिए ।

सो अवसरमा भनाई राख्दै महानगर प्रमुख आचार्यले यसअघिका बजेटमा पर्यटन क्षेत्रका लागि एक दुई करोड रुपैयाँ मात्र बजेट विनियोजन हुँदै आएकोमा चालू बजेटमा ५८ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिए। विशेष गरी सडकमार्गको विकास र अन्य कारणले समेत पोखरा र वरपरका कतिपय पर्यटकीय गन्तव्य मासिँदै गएको स्मरण गराउँदै उनले नयाँ गन्तव्यहरुको खोजी गरिनुपर्ने र पोखरा भ्रमणमा आउने पर्यटकको बसाई २ दिनबाट बढाएर पाँच दिनको बनाउने वातावरण तयार गरिनुपर्ने बताए । धार्मिक तथा खेल पर्यटनको विकास र विदेशबाट सन्तहरु बोलाएर सम्मेलन गर्ने विषयमा समेत महानगर र व्यवसायी मिलेर अगाडि बढ्न सकिने उनको भनाई थियो ।

पर्यटकीय लेकसाइड लगायत सिंगो पोखराको सुरक्षा, यहाँको पार्किङ व्यवस्थापन, ट्याक्सीहरुलाई मिटरमा चलाउने विषय, प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापनको विषयमा समेत महानगर सचेत रहेको उनले सो अवसरमा बताए । पोखरा महानगरभित्र सानो रिङरोड छुट्याएर त्यसको ब्युटिफिकेसन गर्ने तथा ट्राफिक लाइट र सीसी क्यामेराको व्यवस्थाका लागि समेत महानगरले काम अगाडि बढाउने उनले बताए । संघका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा आउने पर्यटक मध्ये ४० प्रतिशत हिस्सा आन्तरिक पर्यटकको रहेको जानकारी दिँदै कोभिडका कारण पर्यटन क्षेत्रका हजारौं मजदूर र व्यवसायी विस्थापित हुन पुगेको बताए । पछिल्लो क्रममा पोखरा आउने पर्यटक संख्या पुनः घट्न पुगे पनि आगामी सेप्टेम्बर महिनादेखि त्यस्तो संख्यामा बढोत्तरी आउनेमा आफूहरु आसावादी भएको भनाई उनको थियो । पोखरामा नयाँ गन्तव्य, पर्यटक संख्या र उनीहरुको बसाई अवधि बढाउन संघ महानगरसँग हातेमालो गरेर अगाडि बढ्न तयार रहेको भनाई पनि उनले सो अवसरमा राखे ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवं संघका सल्लाहकार विश्वशंकर पालिखेले पोखरामा बन्दै गरेको नयाँ विमानस्थलबाट कुन कुन विमान कम्पनीले सेवा दिने हो भन्ने विषयमा पूर्व तयारीका लागि वायुसेवा संचालक संघ नेपालसँग छलफल र सहकार्य गरिनुपर्ने सुझाव राखे । विमानस्थलको धावनमार्ग दुई हजार पाँच सय मिटरबाट विस्तार गरी तीन हजार मिटर बनाइनुपर्ने सुझाव पनि उनले दिए । क्यासिनोको रोयल्टी घटाएर पोखरामा क्यासिनो सुरु गर्न सके पर्यटक बढ्ने सुझाव उनको थियो । होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरि शर्मा गैह्रेले सबैभन्दा पहिला महानगरका कर्मचारीको व्यवहार सुधार गर्दै घुसखोरी र भ्रष्टाचार अन्त्य गर्ने वातावरण तयार गर्न महानगरप्रमुख आचार्यलाई सुझाव दिए । महानगरमा पर्यटनका लागि अलग शाखाको व्यवस्था र पोखरा दृष्यावलोकनका लागि एकद्वारा प्रणालीको व्यवस्थाका लागि समेत उनले सुझाव राखे ।

हानका सदस्य एवं होटल संघ पोखरा नेपालका सल्लाहकार भरतराज पराजुलीले नयाँ विमानस्थलबाट पोखराको मुख्य शहरी क्षेत्रसम्म फराकिला र व्यवस्थित सडक निर्माण गरिनुपर्ने सुझाव राखे । संघका सल्लाहकार वच्चुराम तिवारीले पोखराको पर्यटन क्षेत्रको लगानी सुरक्षित हुने वातावरण तयार गरिनुपर्ने भनाई राखे । संघका सल्लाहकार गोविन्दराज पहारीले पोखरालाई पर्यटकीय राजधानी बनाउन महानगरले गरेको प्रयास सराहनीय भएको भन्दै फोहोर व्यवस्थापनमा समेत उत्तिकै ध्यान दिएर अगाडि बढ्न सुझाव दिए । कार्यक्रमा संघका द्वितीय उपाध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा महानगरद्वारा निजी शौचालयलाई सार्वजनिक प्रयोगमा ल्याउदैं

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ साउन**

पोखरा महानगरपालिकाले व्यक्ति तथा निजी कम्पनीका शौचालयहरूलाई सर्वसाधारणले निःशुल्क प्रयोगका लागि उपयोगमा ल्याउने भएको छ ।

देशकै पर्यटकीय सहर पोखराको मुख्य सहरी क्षेत्रमा अत्यावश्यक सार्वजनिक शौचालय नहुँदा सर्वसाधारणले सास्ती पाइरहेको अवस्थामा महानगरले निजी शौचालयलाई समेत सार्वजनिक प्रयोगमा ल्याउने तयारी गरेको हो । महानगरले सार्वजनिक सूचना जारी गरी सर्वसाधारणलाई शौचालय उपयोग गर्न दिन इच्छुक व्यक्ति तथा संस्थालाई साउन मसान्तभित्रमा महानगरमा निवेदन दिन आग्रह गरेको छ । सार्वजनिकरूपमा निःशुल्क उपयोग गर्न दिएवापत त्यस्ता व्यक्ति वा संस्थालाई महानगरबाट उपलब्ध हुने सेवासुविधामा प्राथमिकता दिने गरी नीतिगत व्यवस्था महानगरले गरेको छ ।

सहरका मुख्य र व्यस्त सडकमा अवस्थित व्यक्तिका निजी घर, बैंक, वित्तीय संस्था, होटल, रेष्टुरेण्टलगायतका व्यावसायिक, गैरव्यावसायिक वा पेशागत संस्था र कम्पनीले आफ्नो स्वामित्वमा रहेका शौचालय सर्वसाधारणलाई प्रयोग गर्न दिनका लागि इच्छुकहरूसँग सूचना आह्वान गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत बलराम रिज्यालले बताउनुभयो । उहाँले भन्नुभयो, "महानगरले शौचालय प्रयोग गर्न दिन मञ्जुर व्यक्ति वा संस्थालाई साउन मसान्तसम्म निवेदन दिन भनेको छ, त्यस्ता शौचालयमा आवश्यक पर्ने सफाइ एवं स्यानिटरी सामग्रीमा महानगरले लागत सहभागिता जनाउने छ।"

सार्वजनिक शौचालयका बारेमा सर्वसाधारणको जानकारीका लागि यस्ता स्थानमा विशेष पहिचानयुक्त लोगो वा सङ्केत राख्ने गरी कार्यपालिका बैठकबाट निर्णय भएको छ ।

शौचालय प्रयोग गर्न दिने व्यक्ति, संस्था वा कम्पनीको विवरण महानगरको वेबसाइटमा राखिने बताइन्छ । पोखराका मुख्य सहरी क्षेत्रमा सार्वजनिक शौचालय नहुँदा सर्वसाधारणलाई असहज हुँदै आएको छ । महानगरले सार्वजनिक शौचालय निर्माणका लागि जग्गा नभएकाले काम अघि नबढेको जनाएको छ ।

## तीन दलको निर्णय: गठबन्धन कायम राख्दै विचार मिल्नेसँग एकता

**रासस**

**काठमाडौं, ३ साउन**

वर्तमान सत्ता गठबन्धनमा रहेका वामपन्थी दलहरूबीच गठबन्धनलाई कायम राख्दै आगामी निर्वाचनमा कसरी प्रस्तुत हुने भन्ने बारेमा छलफल भएको छ ।

सिंहदरबारस्थित नेकपा (माओवादी केन्द्र)को संसदीय दलको कार्यालयमा मंगलबार भएको सो छलफलमा गठबन्धनभित्रका वाम पार्टीहरूबीचको एकताका बारेमा पनि छलफल भएको थियो ।

बैठकपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भन्नुभयो, "बैठकमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सचिवालयका बहुमत सदस्य उपस्थित थियौं, आजको बैठकमा मुख्यतः निर्वाचनका सम्बन्धमा नेपाली कांग्रेस र नेकपा (एमाले) ले गरेको निर्णयका बारेमा छलफल भयो ।" वर्तमान गठबन्धनलाई निरन्तरता दिने बारेमा कसैको पनि विमति नरहेको उहाँले स्पष्ट पार्नुभयो । "तर गठबन्धनलाई अझ कसरी प्रभावकारी बनाउने भन्ने विषयमा कुराकानी भयो", उहाँले भन्नुभयो, "स्थानीय तह निर्वाचनका क्रममा गठबन्धन गरिएको र आगामी निर्वाचनमा त्यसलाई अझ प्रभावकारी बनाउने भन्ने बारेमा छलफल भयो ।" तत्कालीन नेकपा रहँदा आफूहरू एकै ठाउँमा भएको जनाउँदै उहाँले बैठकमा विचार मिल्नेहरूबीच एकता गरेर जाने विषयमा चर्चा भएको बताउनुभयो । "हिजो नेकपामा हुँदा हामी एउटै पार्टीका थियौं, विचार मिल्नेहरूका बीचमा एकताको सम्भावना बारेमा पनि कुराकानी भयो", अध्यक्ष दाहालले भन्नुभयो, "तर यो गठबन्धनको विरुद्ध जाने भनेको होइन ।" बैठकमा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेता झलनाथ खनाल, वामदेव गौतम र माओवादी नेता नारायणकाजी श्रेष्ठ सहभागी हुनुहुन्थ्यो । तत्कालीन नेकपामा उहाँहरू सचिवालय सदस्यका रूपमा रहनुभएको थियो ।

## पाँच दलीय गठबन्धन कायम राख्दै बाम एकताका निम्ति पहल गर्ने

**रासस**

**काठमाडौं, ३ साउन**

नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालयको ३२औं बैठकले वर्तमान पाँच दलीय गठबन्धन कायम राख्दै बाम एकताका निम्ति पहल गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा आज बसेको बैठकले सङ्गठन सुदृढीकरण अभियान तदारुकताका साथ आगाडि बढाउने निर्णय गरेको महासचिव डा बेदुराम भुसालले जानकारी दिनुभयो । बैठकले गत असार १३ र १४ गते सम्पन्न केन्द्रीय परिषद्को प्रथम बैठकबाट पारित कार्ययोजना कार्यान्वन गर्ने सम्बन्धमा छलफल गरी समाजवादसम्बन्धी दस्तावेजका साथै वर्तमान आर्थिक समस्याबारे प्रस्ताव तयार गर्ने निर्णय गरेको छ । पार्टीले स्थानीय तहमा पार्टीका तर्फबाट निर्वाचित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गाउँपालिकाको अनुदानमा सयपत्री फूलखेती

**पोखरापत्र संवाददाता**


**वालिङ, ३ साउन**

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले फूलखेतीमा ५० प्रतिशत अनुदान दिएपछि कृषक सयपत्री फूलखेतीतर्फ आकर्षित भएका छन् ।

फूलखेतीका माध्यमबाट स्थानीयवासीलाई रोजगारी दिने र आर्थिक लाभ लिने उद्देश्यसहित गाउँपालिकाले गत वर्ष आफैंले फूलखेती थालेकामा यस वर्ष किसानलाई ५० प्रतिशत अनुदान दिएर फूलखेतीतर्फ आकर्षित गरेको हो । यस वर्ष गाउँपालिकाले करिब १५ रोपनी क्षेत्रफलमा र अन्य कृषक समूह तथा व्यक्तिको ३५ रोपनीमा सयपत्री फूलखेती गरिने गाउँपालिकाका अध्यक्ष खीमबहादुर थापाले बताउनुभयो । 'गाउँपालिका आफैंले फूलखेती गरेर उत्पादित फूल बिक्रीबाट मनग्य आम्दानी गरेपछि यहाँका अन्य किसानलाई पनि यसको व्यावसायिक उत्पादनतर्फ आकर्षित गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरेका छौं', उहाँले भन्नुभयो । गाउँपालिकाले वडा नं ४ को बिर्घा पुछारमा करिब १५ रोपनीमा व्यावसायिक फूल खेती गर्नका लागि नर्सरी स्थापना गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाले व्यावसायिकरुपमा फूलखेती गर्नका लागि नर्सरी राखेको विर्घा पुछारमा पालिकाका सबै वडाबाट छनौट भई आएका कृषक समूह तथा कृषकलाई प्राविधिक ज्ञान दिइएको प्रमुख प्रशासकीय अधिकृत टङ्कराज पाण्डेयले बताउनुभयो ।

'खनजोतदेखि फूल उत्पादन हुँदासम्म गाउँपालिकाले प्रतिरोपनी नौ हजारका दरले अनुदान उपलब्ध गराउने छ', उहाँले भन्नुभयो, 'उत्पादित फूल तथा माला कृषक समूह वा कृषकले आफैं बिक्री गर्न पनि सक्ने तर बिक्री नभएमा गाउँपालिकाले बजारीकरणको व्यवस्था मिलाउने छ ।' गत वर्ष गाउँपालिकाले परीक्षणकारुपमा थालेको फूलखेतीको उत्पादन तथा बजारीकरण राम्रो भई मनग्य आम्दानी गरेपछि यसवर्षदेखि कृषकलाई आकर्षित गर्न अनुदान उपलब्ध गराईएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताउनुभयो । पालिकाका सातवटै वडाका तीन महिला समूह, एक घरबास (होमस्टे) र कृषक समूह छनौट भएका हुन् । कृषक समूह तथा व्यक्तिले कम्तीमा पनि दुई रोपनीदेखि पाँच रोपनीसम्म जग्गामा व्यावसायिक फूलखेती गर्नेछन् । 'पालिकाले नर्सरी राखेको स्थानमा नै सबै कृषक समूह तथा व्यक्तिलाई बोलाई प्राविधिक ज्ञान, नर्सरी स्थापना, औषधि, बीउ तथा आधुनिक औजार उपलब्ध गराएका छौं', उहाँले भन्नुभयो, 'कृषक समूह तथा व्यक्तिले यहाँ सिकेका सीपलाई आआफ्नो ठाउँमा प्रयोग गर्नुभएको छ, अहिले बीउ राखेर बेर्ना उमारी सक्नुभएको छ ।'

बीउ राखेको ९० दिनमा उत्पादन लिन सकिने छ । गाउँपालिका तथा कृषक समूह, कृषकले विशेष गरी दसैं तिहारलाई लक्षित गरेर फूलखेती सुरु गरेको उहाँले बताउनुभयो । गाउँपालिकाले यसवर्ष सयपत्री कर्मा ५५५ जातको बीउ लगाएको छ । एउटा बोटबाट ४०० सम्म फूल उत्पादन हुने र विभिन्न चरणमा आगामी चैतसम्म टिप्न सकिने उहाँको भनाइ छ । फूलको व्यावसायिक उत्पादन गर्न सकेको खण्डमा आर्थिक उपार्जन गर्न सकिने, खेर गइरहेको जमिनको सही सदुपयोग हुने, फूलको माध्यमबाट पालिकाको पहिचान स्थापित गर्न सकिनुका साथै यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ । कालीगण्डकी गाउँपालिका-४ को बिर्घा पुछारमा व्यावसायिकरुपमा ड्रागन खेतीसमेत परीक्षणका रुपमा गरिँदै आएको छ ।

# लक्ष्यभन्दा बढी राजस्व सङ्कलन लक्ष्य

**रासस**
**दमौली, ३ साउन**

तनहुँ आन्तरिक राजस्व कार्यालयले लक्ष्यको १०१ दशमलव ६५ प्रतिशत राजस्व सङ्कलन गर्न सफल भएको छ । कार्यालयले आर्थिक वर्ष २७८/७९ मा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको हो ।

उक्त आर्थिक वर्षमा लक्ष्यभन्दा रु १५ करोड पाँच लाख ७६ हजार बढी राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख कर अधिकृत डा नारायण ढकालले जानकारी दिनुभयो । कार्यालयले यो अवधिमा रु नौ अर्ब २४ करोड ९२ लाख चार हजार राजस्व सङ्कलन गरेको छ । यो वर्ष रु नौ अर्ब नौ करोड ८६ लाख २८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो ।

गत आर्थिक वर्ष २७७/७८ मा कार्यालयले रु आठ अर्ब ५० करोड २६ लाख ६१ हजार राजस्व सङ्कलन गरेको थियो । उक्त आर्थिक वर्षमा रु आठ अर्ब ५६ करोड ६८ लाख ३७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । गत वर्ष लक्ष्यभन्दा केही कम राजस्व सङ्कलन भए पनि यो वर्ष लक्ष्यभन्दा बढी राजस्व सङ्कलन भएको ढकालले बताउनुभयो । कार्यालयले यस अवधिमा आयकरतर्फ रु ६५ करोड ४७ लाख १५ हजार, घरबहाल करतर्फ रु एक करोड ८६ लाख ८१ हजार, ब्याजतर्फ रु चार करोड ६७ लाख ८७ हजार, मूल्यअभिवृद्धितर्फ रु ४५ करोड ७५ लाख ५९ हजार राजस्व सङ्कलन भएको छ ।

अन्तशुल्कतर्फ रु छ अर्ब १७ करोड ५ लाख २१ हजार, स्वास्थ्यतर्फ रु एक अर्ब ९० करोड नौ लाख ३७ हजार र शिक्षातर्फ रु पाँच हजार राजस्व सङ्कलन भएको छ । आयकरतर्फ रु ७१ करोड ६१ लाख ४१ हजार, घरबहाल करतर्फ रु ५६ करोड ६८ लाख चार हजार, ब्याजतर्फ रु एक अर्ब आठ करोड १३ लाख नौ हजार, मूल्यअभिवृद्धि करतर्फ रु ६१ करोड ६१ लाख १२ हजार, अन्तशुल्कतर्फ रु छ अर्ब ४४ करोड दुई लाख ११ हजार, स्वास्थ्यतर्फ रु एक अर्ब १५ करोड ७९ लाख १७ हजार र शिक्षातर्फ ३४ लाख २५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । आयकरतर्फ लक्ष्यको ९१ दशमलव ४२, घरबहाल करतर्फ ३२ दशमलव ९६, ब्याजतर्फ ४३ दशमलव २७, मूल्यअभिवृद्धि करतर्फ ७४ दशमलव २७, अन्तशुल्कतर्फ ९५ दशमलव ८१, स्वास्थ्यतर्फ १६४ दशमलव १७ र शिक्षातर्फ शून्य दशमलव १४ प्रतिशत राजस्व सङ्कलन भएको छ । कार्यालयका अनुसार असार महिनामा मात्रै रु ८५ करोड ७९ लाख ७४ हजार राजस्व सङ्कलन गरेको जनाइएको छ । असार महिनामा मात्रै लक्ष्यको १३५ दशमलव२४ प्रतिशत बढी राजस्व सङ्कलन भएको थियो । असार महिनामा रु ६३ करोड ४४ लाख २५ हजार राजस्व सङ्कलनको लक्ष्य राखिएको थियो ।

कार्यालयले तनहुँसहित लमजुङ, गोरखा र मनाङको असूली गणना, लेखापरीक्षण र अनुसन्धानको काम गर्दै आएको छ । विगत दुई वर्षदेखि गोरखा र लमजुङमा करदाता सेवा कार्यालय स्थापना भएको छ । मनाङका करदाताले लमजुङबाट कर तिर्न सक्ने व्यवस्था मिलाइएको छ । उक्त दुई जिल्लामा करदाता सेवा कार्यालय नहुँदा त्यहाँका करदाताले पनि दमौलीमै आएर कर तिर्नुपर्ने बाध्यता थियो ।



रोटरी क्लब अफ पोखरा मिडटाउनद्वारा एक कार्यक्रमबीच ह्विल चियर हस्तान्तरण गर्दै गण्डकी प्रदेशका कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापा । तस्वीर : वासुदेव पौडेल, रासस

# कोरोनाबाट मृत्यु भएका परिवारलाई ६८ लाख राहत

**रासस**
**दमौली, ३ साउन**

स्वास्थ्य कार्यालय तनहुँले कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत वितरण गरेको छ । कोरोनाबाट मृत्यु हुनेको परिवारलाई राहत दिने गण्डकी प्रदेश सरकारको निर्णयबमोजिम कार्यालयलेआर्थिकवर्ष२०७८/०७९ मा रु ६८ लाख ५० हजार राहत प्रदान गरेको हो ।

कार्यालयले कोरोनाबाट मृत्यु भएका १३७ परिवारलाई रु ५० हजारका दरले राहत रकम वितरण गरेको कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउनेसम्बन्धी अवधारणापत्र, २०७८ बमोजिम राहत प्रदान गरिएको अधिकारीले बताउनुभयो ।

कार्यालयले जिल्लाका १० वटै पालिकामार्फत कोरोनाबाट मृत्यु हुनेको विवरणसहित निवेदन माग गरेको थियो । उहाँका अनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारलाई मात्रै राहत रकम वितरण गरिएको छ । 'कार्यविधिअनुसार अस्पतालमा मृत्यु भएका व्यक्तिका परिवारलाई मात्र आर्थिक सहायता दिइएको छ, होम आइसोलेशनमा मृत्यु भएकाले रकम पाउँदैनन्', उहाँले भन्नुभयो । आर्थिक सहायता प्राप्त गर्नका लागि मृतकका परिवारले कोभिड-१९ पोजिटिभ भएको रिपोर्ट, अस्पतालमा मृत्यु भएको प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, आर्थिक सहायता दाबी गर्ने नजिकको नातेदारको मृतकसँगको नाता प्रमाणित अनिवार्य पेश गर्नुपर्ने प्रावधान थियो ।

आर्थिक राहत लिनका लागि १६९ परिवारले निवेदन दिए पनि अन्यको कागजात नमिलेका कारण राहत प्रदान गर्न नसकिएको कार्यालयले जनाएको छ । 'कागजात नमिलेका कारण अन्यलाई राहत दिन सकेका छैनौ', तनहुँ ठेगाना भई एक विदेशमा मृत्यु भएका परिवार र प्रक्रिया पुगेका दुईलाई पनि राहत रकम वितरण गर्न बाँकी छन्, अधिकारीले भन्नुभयो । प्रदेश सरकारले कोरोनाबाट मृत्यु भएका परिवारलाई राहत रकम दिए पनि जिल्लाका पालिकाले पनि राहत रकम वितरण गरेका थिए । विभिन्न पालिकाले आफ्ना पालिकाभित्रका नागरिकको परिवारलाई राहत रकम प्रदान गरेका थिए । तनहुँमा कोभिड-१९ बाट ६४ महिला र ९७ पुरुषसहित १६१ को मृत्यु भएको छ ।

# मनोज घर्तीमगरलाई 'मौलिक कौराहा पुरस्कार'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ साउन**

राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिद्वारा स्थापित 'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०७९' बाट पत्रकार मनोज घर्तीमगर पुरस्कृत हुने भएका छन् ।

नेपाल मगर पत्रकार संघ कास्कीले सञ्चालन गर्दै आएको उक्त पुरस्कारबाट मौलिक कौराहा संरक्षणको पक्षमा र पत्रकारितामार्फत उजागर गरेको भन्दै पत्रकार घर्तीमगर पुरस्कृत हुने भएका हुन् । पत्रकार घर्तीमगरलाई पुरस्कार छनोट समितिका संयोजक



नेपाल मगर पत्रकार संघका केन्द्रीय उपाध्यक्ष मान बहादुर घर्ती (एमबि आस्था) मगरको संयोजकत्वमा मंगलबार बसेको बैठकले पत्रकार मनोज घर्ती मगरलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको सचिव उमा आले मगरले जानकारी दिइन् ।

उनका अनुसार सो पुरस्कार अर्पण आगामी साउन १५ गते पोखराको होटल पौवामा आयोजना हुने कार्यक्रममा प्रदान गरिने छ । सो अवसरमा पत्रकार घर्ती मगरलाई नगद रु १० हजार र ताम्रपत्रद्वारा पुरस्कृत गरिने आलेमगरले जानकारी दिइन् । पुरस्कृत हुने घर्तीमगर अधिवक्ता समेत हुन् ।

यसअघि उक्त पुरस्कारबाट मौलिक कौराहा संरक्षणमा कलम चलाउँदै आएका पत्रकारहरु कमला राना मगर (नवलपुर), तिलक पुन पुर्जा (कास्की), प्रताप राना मगर (तनहु) र मान बहादुर घर्ती (एमबी आस्था) मगर (कास्की ) पुरस्कृत भईसकेका छन् ।

# थप ३५७ जनामा कोरोना सङ्क्रमण पुष्टि

**रासस**
**काठमाडौं, ३ साउन**

देशभर पछिल्लो २४ घण्टामा थप ३५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा तीन हजार ३५७ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार ८५७ जनाको पिसिआर तथा एक हजार पाँच सय जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । सो अवधिमा ६२ जना कोरोना भाइरसबाट मुक्त भएका छन् । योसँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार १२६ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ३६ हजार ३४८ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ९८२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५४ पुगेको छ । हाल होम आइसोलेशनमा एक हजार ८६५, संस्थागत आइसोलेसनमा ११७ र आइसियूमा १९ सङ्क्रमित छन् । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं मात्र रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, बाजुरा र डढेलधुरा छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार १०९, ललितपुरमा १६० र भक्तपुरमा ४२ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## गन्तव्य..

गणेशराज पहारीले होटल क्षेत्रमा अर्बौ रुपैयाँ लगानी रहेको र यसको सुरक्षा जरुरी भएको भनाई राखे ।

संघकी सदस्य पम्फा पहारीले लेकसाइडमा ध्वनी प्रदूषणको विषय गंभीर रहेको भन्दै यसको नियन्त्रणका लागि पहल अगाडि बढाउन सुझाव राखिन् । अर्का सदस्य सरोज अधिकारीले कोमागाने र वसुन्धघरा पार्क व्यवस्थापन गरेर अगाडि बढ्न सुझाव दिए । कार्यक्रममा हानका केन्द्रिय सदस्य विप्लव पौडेल र नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवं पर्यटनविद वासु त्रिपाठीको पनि उपस्थिति थियो । कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए ।

# व्यास गुफाका पिठाधिश दामोदरबाबा अखण्ड संकीर्तनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ साउन**

पोखरामहानगरपालिकावडा नं २७, २९ र ३३ को संगमस्थल मदौरुकुना मदौरुघाटस्थित नर्मदेश्वर मोक्षाश्रमधाममा साउन १ गतेदेखि सञ्चालित एक महिने अखण्ड हरिनाम संकीर्तनमा आज तेस्रो दिन तनहुको व्यास गुफाका पिठाधिश दामोदर बाबा सहभागी बन्नुभएको छ ।

ऋ षि मु नि ह रू का साधनास्थलका रूपमा लिइने शुक्ला गण्डकी र बगादी नदीको सङ्गमस्थलमा रहेको यस तीर्थस्थलमा यही साउन १ गतेदेखि महिनाभर लोक कल्याणको कामना गर्दै अखण्ड



हरिनाम संकीर्तन सुरु गरिएको हो ।

नर्मदेश्वर मोक्षाश्रमधाम संरक्षण समितिका अध्यक्ष झविन्द्रराज आचार्यका अनुसार अखण्ड संकीर्तन अवधिभर विभिन्न धार्मिक तीर्थस्थलका गुरुहरू सहभागी बन्नुहुने कार्यक्रम छ । यस अवधिमा विभिन्न स्थानबाट तीर्थालुहरू सहभागी बनी पुण्यलाभ गर्नुहुने समितिले जनाएको छ ।

## पाँच दलीय..

जनप्रतिनिधिलाई जनताप्रति थप उतरदायी बनाउन यही साउन ४ र ५ गते काठमाडौंमा प्रशिक्षण दिने भएको छ । शीर्ष नेतृत्वबाट स्थानीय तहका अधिकार, स्वायत्त शासन, प्रदेश तथा केन्द्रसँगको समन्वय, पार्टीसँगको सहकार्य, पारदर्शितालगायत विषयमा प्रशिक्षण बैठक सञ्चालन गर्ने पार्टी केन्द्रीय प्रचार विभाग सदस्य कृतु भण्डारीले जानकारी दिनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# वित्तीय अनुशासन कायम गर

देशमा वित्तीय अनुशासन हराउँदै गएको छ । देशको शासन व्यवस्था कसरी चलेको छ भनेर बुझ्ने भनेको वित्तीय अनुशासन कस्तो छ भन्ने महालेखा परीक्षकको प्रतिवेदनले देखाउने गरेको छ।देशमा संघीयता आएपछि सबै अनुशासनमा बस्ने अपेक्षा जनताको थियो । शासनकर्ता झन अनुशासित हुनुपर्ने हो । हिजोको केन्द्रीकृत शासन प्रणालीले गर्दा वित्तीय अनुशासन भएन भनेर दोषारोपण गरिएको थियो । संघीयता पछि संघ सरकार मात्रै होइन प्रदेश र स्थानीय सरकारले पनि वित्तीय अनुशासनमा नबसेको प्रतिवेदनले देखाएको छ। तीनै तहका सरकारमा बेरुजुको चाङ छ।अनुशासनहीन तरिकाले खर्च गर्ने प्रबृत्ति बढ्दो छ।मुलुकमा २०१८ सालदेखि महालेखा परीक्षकले सरकारी कार्यालयहरूको हरहिसाब र लेखाप्रणाली परीक्षण गर्दै आएको छ। त्यसयता एउटा कुनै वर्ष छैन, जहिले बेरुजु नभेटिएको होस् । रीत नपुऱ्याइकन खर्च गर्ने प्रवृत्तिमा सुधार हुन सकेको छैन। झन् वृद्धि पो हुँदै आएको छ। सार्वजनिक भएको ५९औं प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७७-७८ मा मात्रै एक खर्ब १५ अर्ब पाँच करोड ५० लाख रुपैयाँ बेरुजु थपिएको छ । त्यसअनुसार अब मुलुकमा बेरुजु रहेको हिसाब भनेको ४ खर्ब ८३ अर्ब ५९ करोड रुपैयाँ भएको छ।

सरकारी कामकाजका खर्च विधिपूर्वकमात्रै गर्नुपर्छ। तर, हाम्रो सरकारका अधिकारीहरूले मनलाग्दी खर्च गर्दा बेरुजु देखिएको हो । विधि नपुऱ्याई किन्ने प्रवृत्ति धेरै स्थानीय तहमा देखिएको महालेखाले औंल्याएकै छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा स्थानीय तहका भ्रष्टाचार विरुद्धका उजुरीका चाङ छन्। बेरुजुमा पनि उस्तै छाँट देखिनु वित्तीय अनुशासनको पालना नगर्नु हो । चुनावबाट आएकाले कार्यशैलीगत कमजोरी हुनु एउटा कुरा तर वित्तीय अनुशासन नै कमजोर हुनुचाहिँ गम्भीर कुरा हो । बेरुजु हुँदै जाने, भ्रष्टाचार बढ्दै जाने हो। पहिलो त स्थानीय वा प्रदेश र संघ सरकारले बेरुजु नहुने गरी नै खर्च गर्नुपर्छ। खर्च गर्ने विधिलाई पूर्णत पालना गर्नुपर्छ।

मनलाग्दी खरिद गर्ने वा ठेक्का लगाउने वा मनासिव नहुने कार्यक्रम र योजनाका लागि बजेट खर्च गर्न हुँदैन । बेरुजु प्रत्येक वर्ष बढिरहेको सन्दर्भमा यसलाई मिहीन ढंगले हेर्ने र सुधारका लागि संसद्को सार्वजनिक लेखासमितिले पहल कदमी लिनुपर्ने हो। एक वर्षदेखि त् लेखा समिति निष्क्रिय छ।अझ सरकारको लाचार छायाँ बनेको छ । सरकारले पनि बेरुजु कम गर्ने वा गर्दै नगर्ने अवस्था कसरी ल्याउन सकिन्छ भन्नेबारे उचित काम गर्नुपर्छ। जनताको घरदैलो नजिकको सरकारकै खर्चको तौरतरिकामा भएको गडबडी झन् बढी चिन्ताको विषय हो। त्यसलाई सुधार गर्न पहिलो त जनप्रतिनिधि र

सम्बन्धित कर्मचारी बढी सचेत, सजग र उत्तरदायी तथा जिम्मेवार हुन जरुरी छ । उनीहरूलाई खर्चपर्च विधिपूर्वक गर्न प्रशिक्षित गर्न संघले सघाउनु उपयुक्त र आवश्यक पनि हो। बेरुजु फछ्र्योटका लागि पनि विधि र प्रक्रिया छ। रीत नपुगेकालाई पुऱ्याउने एउटा तरिका हो । एउटा विधि हो । कमजोरीहरूलाई सुधार गर्ने ठाउँ छ भने सुधार्नुपर्छ। बेरुजुको सूचना पाएको ३५ दिनभित्र फछ्र्योट गरी सम्परीक्षण गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि ऐन २०५५ मा व्यवस्था छ । त्यसलाई पालना गर्नुपर्छ। तर, कतिपय बेरुजु भने सुधार गरेर हुँदैन, राज्यलाई पैसा फिर्ता गरिनुपर्छ। अनुशासनहीनता पनि आफैंमा भ्रष्टाचार त हो नै झन् राजस्व दाखिला गर्नुपर्नेमा नगर्नु कडा खाले भ्रष्टाचार हुन आउँछ। अब नागरिक तहबाट पनि दबाब दिएर अनुशासनमा बस्न र भ्रष्टाचारमा संलग्नलाई कार्वाही गर्ने सरकार र संसद पनि सकृय हुनु जरुरी छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पहिराले रित्तिँदै बस्ती

**रासस**

**म्याग्दी, ३ साउन**

जथाभावी खनिएका मोटरबाटोका कारण बाढीपहिरो र प्राकृतिक विपद्का समस्या बढ्दै जान थालेपछि म्याग्दीका थुप्रै बस्ती रित्तिँदै गएका छन् ।

जिल्लाको बेनी नगरपालिका- ३ तोराखेतको बस्ती पनि अहिले सुनसान छ। केहीवर्ष अगाडिसम्म निकै चहलपहल हुने तोराखेत गाउँ अहिले झाडीमा परिणत हुन थालेको छ । उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिकामा पर्ने रायखोर गाउँको अवस्था पनि यस्तै छ। गाउँको पुछारमा भीषण पहिरो छ । शिरान र गाउँको छेउछाउबाटसमेत पहिरो खस्न थालेपछि यो गाउँका कतिपय मानिस विस्थापित भएका छन् भने गाउँमा रहेका पनि पानी पर्दा अनिदा आँखा बनाउँदै बस्न बाध्य भएका छन्।

रघुगङ्गा गाउँपालिकाका आठ वडामा साना ठूला गरी २१६ पहिरा रहेका र ती पहिराका कारण बस्ती नै जोखिममा छन्। पहिरो रोकथाम तथा नियन्त्रणका लागि पहिरोको डिपीआर गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाइएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभएको छ । गाउँपालिकाका कुइनेमङ्ले-८ चौरखानी, चिमखोला-७ मालाङ, पाखापानी-६ रायखोर र दग्नाम-४ को पहिरो रोकथामलाई मुख्य प्राथमिकतामा राखिएको अध्यक्ष भण्डारीले बताउनुभयो।

यसैगरी रघुघाट गलेश्वर, तिलकेनी, कुइने, चौरखानी, धूपीचौर, अर्कला, बेग, दुलेपानी, सतिपोखरी, खौरेट, रोटेपानी, रिसिनचौतारी, बूडिचौरलगायतका बस्ती बाढीपहिराको उच्च जोखिममा छन् । ती बस्तीको संरक्षणका लागि स्थानीय तहले प्राथमिकताका साथ काम गर्ने र थप बजेटका लागि प्रदेश वा सङ्घ सरकारसँग माग गर्ने अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । यस्तै रघुगङ्गा-३ गलेश्वरको राहुघाट बस्ती पहिरोको जोखिममा छ। गलेश्वर-पिप्ले-भगवती-बेगखोला सडक निर्माणमा गरिएको लापबाहीले निम्तिएको पहिरोले पुरिने जोखिम बढेको हो । बस्तीमाथिको पाखोमा जथाभावी सडक खनेपछि पहिरो निम्तिएर गलेश्वरपारिको ३० घरपरिवार जोखिममा रहेको स्थानीयवासी धर्म रोकाले बताउनुभयो। "पानी पर्न थालेपछि यहाँका बासिन्दा राति सुत्न सक्दैनन्। विकासका नाममा निम्तिएको विनाशका कारण आफ्नो थातथलो छोड्नुपर्ने अवस्था आएपछि यहाँका बासिन्दा चिन्तित छौँ", उहाँले भन्नुभयो, "कमजोर भू-भागमा सडक बनाउन डोजर प्रयोग गरिँदा झन जोखिम बनेको छ। जथाभावी भत्काउँदा त्यसपछि संरक्षणका लागि पर्खाल र नाली समयमै नबनाउँदा पूरै पाखो खस्ने अवस्थामा छ।"

त्यसैगरी बेनी नगरपालिका-३ को तोराखेत गाउँ पनि पहिरोका कारणले रित्तिएको छ। एक दशक अघिसम्म ७० घरपरिवारको बसोबास रहेको तोराखेतमा अहिले १० घर परिवारको मात्र बसोबास रहेको छ। विसं २०६० देखि तोराखेतमा पहिरो चल्न सुरु भएको स्थानीय अगुवा डिलबहादुर सापकोटाले बताउनुभयो । पहिरोकै कारण तोराखेतबाट विस्थापित भई बगरफाँटमा बस्दै आउनुभएका सापकोटाका अनुसार त्यसपछि लगातार रुपमा पहिरो चल्दै आएकोले तोराखेतका बासिन्दा भकुण्डे, फाँपरखेत र बगरफाँटमा बसाइँ सरेका छन् । पहिरोले त्रासकाबीच पनि आफू गाउँमै बस्न बाध्य रहेको स्थानीयवासी कुन्दा परियारले बताउनुभयो । "पहिले गाउँमा धेरै घर थिए, मान्छेहरु पनि धेरै नै बस्ने गर्थे, पहिरोका कारण धेरैको धन सम्पत्ति नोक्सान भयो, अहिले पनि गाउँ जोखिममै छ", परियारले भन्नुभयो। बस्ती माथिबाट बिना इञ्जिनीयरिङ खनिएको सडकका कारण बस्ती नै पहिरोको उच्च जोखिममा परेको स्थानीयवासीको भनाइ छ।

# कांग्रेसका केन्द्रीय नेताले राष्ट्रिय समस्याका बारेमा बहस चलाउने

**रासस**

**काठमाडौं, ३ साउन**

नेपाली कांग्रेसका केन्द्रीय नेताहरूले मुलुकको समसामयिक विषयवस्तु र राष्ट्रिय समस्याका बारेमा विज्ञलाई आमन्त्रण गरी बहस चलाउने भएका छन्।

कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेल र दिलमान पाख्रिन तथा कांग्रेस सङ्खुवासभाका सभापति दीपक खड्काको पहलमा बुधबार लैनचौर व्याङ्क्वेटमा आयोजित कार्यक्रममा आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा कांग्रेसलाई कसरी विजय गराउन सकिन्छ भन्नेबारे निरन्तर छलफल तथा बहस गरेर अगाडि बढ्ने निष्कर्ष निकालिएको छ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य पौडेलले कांग्रेसको केन्द्रीय समितिले गरेको निर्णयलाई कसरी देशभर लैजान सकिन्छ भन्नेबारे उक्त मञ्चमा छलफल हुने बताउनुभयो । "पार्टी केन्द्रीय कार्यसमितिको बैठकमा सदस्यहरूले लामो समय बोल्न पाउँदैनन् । त्यसैले देशको समसामयिक तथा राष्ट्रिय समस्याको बारेमा विज्ञलाई बोलाएर छलफल गर्नसमेत नयाँ फोरम आवश्यक हुने भएकाले छलफलका लागि केन्द्रीय सदस्यलाई आमन्त्रण गरेका हौं", उहाँले भन्नुभयो।

कांग्रेस केन्द्रीय सदस्य पाख्रिनले देशमा देखिएका प्रमुख समस्या समाधानका लागि सम्बन्धित क्षेत्रका विज्ञलाई बोलाएर छलफल गर्नुका साथै छलफलबाट निस्केको सुझावलाई पार्टी केन्द्रीय समितिमा सुझावको रूपमा प्रस्तुत गर्न यस्तो भेलाले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कांग्रेस केन्द्रीय सदस्यद्वय)उमेशजङ्ग रायमाझी र सीता गुरुङले देशका प्रमुख विषय वस्तुमा केन्द्रित रहेर उक्त भेलामा छलफल हुने बताउनुभयो। कांग्रेस सङ्खुवासभाका सभापति एवं पूर्वराज्यमन्त्री खड्काले आगामी निर्वाचनमा कसरी कांग्रेसलाई विजय गराउन सकिन्छ भन्नेबारे छलफल गर्न नयाँ फोरम निर्माण गर्न लागिएको बताउनुभयो।

छलफलमा कांग्रेसका पदाधिकारीबाहेक अधिकांश केन्द्रीय सदस्य, सांसद एवं पूर्वमन्त्रीहरूको सहभागिता थियो। पार्टीलाई बलियो बनाउन उक्त छलफललाई अब निरन्तर चलाइने कांग्रेस सङ्खुवासभाका सभापति खड्काले बताउनुभयो।

# 'निक साइमन इन्स्टिच्युट'को परियोजना सकिँदा बेनी अस्पतालको सेवा प्रभावित

**पोखरापत्र संवाददाता**

**म्याग्दी, ३ साउन**

स्वास्थ्यकर्मी अभावमा बेनी अस्पतालको सेवा प्रभावित भएको छ । कोरोना कोषबाट तलबभत्ता पाउने गरी करारमा आएका ३४ र दातृ संस्था 'निक साइमन इन्स्टिच्युट' (एनएसआइ)ले पठाएको चार स्वास्थ्यकर्मीको अवधि एकैपल्ट सकिँदा सेवा प्रभावित भएको हो । कोभिड कोषअन्तर्गत नियुक्त भएका १३ नर्स, चार अनमी, तीन ल्याब टेक्निसियन, तीन हेल्थ असिस्टेन्ट, दुई अहेव, दुई फार्मेसी सहायक, एक ल्याब असिस्टेन्ट र दुई हेल्थ असिस्टेन्टको असार मसान्तदेखि करार अवधि सकिएको छ।

असार मसान्तबाट एनएसआइका परियोजना सकिएकाले एक मेडिकल अधिकृत, एक एनेस्थेसिया सहायक, एक स्टाफ नर्स र एक बायोमेडिकल इक्युपमेन्टटेक्निसियनअस्पतालबाट बाहिरिएका छन् । एनेस्थेसिया असिस्टेन्ट नै नभएपछि बेहोस बनाएर गर्नुपर्ने सम्पूर्ण उपचार सेवा बन्द भएको छ। अस्पतालले विज्ञप्ति प्रकाशित गरी ३८ स्वास्थ्यकर्मीको म्याद थप नहुँदा सेवा प्रभावित भएको जनाएको छ। साना शल्यक्रिया, शल्यक्रिया गरी सुत्केरी गराउने (सुरक्षित सुत्केरी सेवा) र सर्जिकल गर्भपतनसहित बिरामी बेहोस बनाई गरिने सबै उपचार बन्द भएको विज्ञप्तिमा उल्लेख छ।

गत असार महिनामा बेनी अस्पतालमा सुरक्षित प्रसूति सेवा लिएका ९२ मध्ये १८ जनाको शल्यक्रिया गरिएको थियो । सेवा बन्द हुदा सुत्केरी हुने समय पुगेका गर्भवती बागलुङ वा पोखरा पुग्नुपर्ने भएको गुनासो गरेका छन् । अस्पतालमा आठ कन्सल्टेन्ट चिकित्सक र चार मेडिकल अधिकृतसहित ५९ जनाको दरबन्दी भए पनि हाल १९ स्वास्थ्यकर्मी मात्रै छन् । ४० जना अपुग छन् । बेनी अस्पतालका प्रमुख जितेन्द्र कँडेलले करार अवधि सकिएपछि भएका स्वास्थ्यकर्मीको बिदाइ र थप जनशक्ति व्यवस्थापन नहुँदा समस्या भएको बताउनुभयो।

मेडिकल, सर्जिकल, बालरोग, स्त्रीरोग, नाक-कान-घाँटीसमेतका वार्ड स्थगित गरी प्रसूति, जनरल वार्ड मात्र चलाउनुपर्नेअवस्थाआएकोउहाँले बताउनुभयो । एनेस्थेसियासँग सम्बन्धित जनशक्ति नहुँदा शल्यक्रिया प्रभावित बनेको छ । हाल दरबन्दीका १९ बाहेक छात्रवृत्ति करारका तीन कन्सल्टेन्ट, चार मेडिकल अफिसर र अस्पताल व्यवस्थापन समितिले नियुक्त गरेका अन्य स्वास्थ्यकर्मी छन् । डायलसिस, फार्मेसी, विलिङ, दर्ता, इन्डोर र आकस्मिकमा आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कर्मचारी नियुक्त गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो।

पचास शयूया क्षमताको अस्पतालमा बालरोग, स्त्रीरोग, हाडजोर्नी, फिजियोथेरापी,रेडियोलोली,शल्यक्रिया, एनेस्थेसियासमेत सातवटा वार्ड (विभाग) छ। सोहीअनुसार प्रत्येक वार्डमा एक विशेषज्ञ चिकित्सक, एक मेडिकल चिकित्सक, चार नर्सले सेवा दिने गरेका थिए। चार मेडिकल अधिकृतको दरबन्दी भएकामा दुई जना अध्ययन बिदामा छन् । एक जना रिक्त छ। बाँकी नवौँ तहका मेडिकल अफिसर रहेका चिकित्सक कँडेलले कार्यालय प्रमुखको रूपमा प्रशासनिक काममा समय दिने गर्नुभएको छ। आठ नर्समध्ये पाँच मात्र कार्यरत छन्।

गण्डकी प्रदेश सरकारले कोरोना नियन्त्रण तथा उपचार कोषबाट तलबभत्ता दिने गरी गत पुसमा नियुक्त गरेका ३५० स्वास्थ्यकर्मीको करार अवधि सकिएपछि प्रदेशका ११ जिल्लाका अस्पतालको सेवामा असर परेको छ । कोरोना कम भएको अवस्थामा स्वास्थ्यकर्मी जिल्ला अस्पतालमा रहेर अन्य बिरामीको उपचारमा खटिएका थिए। नयाँ कर्मचारी नियुक्त नगरी करारमा रहेका कर्मचारीलाई हटाउँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको हो।

# खाद्यान्न व्यवस्थापन चुनौतीपूर्ण : एफएओ

**रासस**

**पोखरा, ३ म्याग्दी**

नेपालमा अहिले पनि अधिकांश परिवार कृषिमै आश्रृत छन् । अझै पनि ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषि कार्यमा प्रत्यक्ष र परोक्ष किसिमले संलग्न रहेको तथ्याङ्क छ तर, खाद्यान्न उत्पादन भने घट्दै गएको कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कले देखाएको छ । यसरी खाद्यान्न उत्पादन घट्दै जाने र आयातित खाद्यान्न पनि रोकिने समय आयो भने यस्ता धर्म भकारी तत्कालको राहतका लागि निकै उपयोगी रहनेछन्।

विश्व खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार जलवायु परिवर्तनले निम्त्याएको सबैभन्दा ठूलो चुनौती भनेको खाद्यान्न सङ्कट हो। स्थानीय विशेषता रहेका अन्नबाली विस्तारै उत्पादन हुन छाड्नु, अत्यधिक विषादीको प्रयोगले उत्पादनशील विशेषतायुक्त माटोको क्षमतामा ह्रास आउनु र विस्तारै रैथाने बीउबिजन लोप हुँदै जानु २१ औं शताब्दीको खाद्यान्न व्यवस्थापनको चुनौती भएको एफएओको प्रतिवेदनमा भनिएको छ । सन् २०२५ सम्ममा विश्वमा खाद्यान्न अभाव भएर विकसित देशका ठूलाठूला कम्पनीले विकासोन्मुख देशका खाली जमिनमा कृषि गर्न लगानी गर्नुपर्ने सो प्रतिवेदनमा उल्लेख छ। पृथ्वीको जनसङ्ख्या पनि दिनानुदिन बढ्दो क्रममा छ र बढ्दो जनसङ्ख्याको अनुपातलाई खाद्यान्न पर्याप्ततातर्फ लैजान कृषिका पारम्परिक विधिलाई पनि जलवायु परिवर्तन अनुकूल बनाउँदै अझ उत्पादनमुखी र व्यवसायीकरण गर्न जरुरी देखिएको वरिष्ठ कृषि वैज्ञानिक डा टीकाबहादुर कार्की बताउनुहुन्छ।

सन् १९६० को दशकमा नेपाल संसारभरि चामलको धेरै निर्यात गर्ने देशमा छैटौं स्थानमा पर्दथ्यो तर विस्तारै नेपालमा कृषि कार्य ह्रास हुँदै जाँदा आज चामललगायत धेरै कृषिजन्य उत्पादन आयात गर्नुपर्ने अवस्थामा पुगेको छ। वैदेशिक रोजगारप्रति युवाको आकर्षण बढ्ने क्रमले पनि कृषि पेसा उपेक्षित बन्दै गएको छ।

भकारीबाट झिकेर खाइने धान चामलको साटो बोरामा पसलबाट अन्न आउन थालेको छ । हाम्रो उब्जनशील खेत र माटोहरु बाँझै छन् । स्कुलको पाठ्यक्रममा पूर्वव्यावसायिक शिक्षाका रुपमा कृषि कार्य र औजारबारे शिक्षा दिने विषय हटाइएकाले विद्यार्थीमा कृषि कार्यप्रति उत्सुकता जगाउन र ज्ञान बढाउन नसकिएको डा कार्कीको भनाइ छ।

ग्रामीण क्षेत्रमा खाद्यान्न अभाव र भोकमरीको समस्या भएको खण्डमा यस्ता धर्मभकारीको महत्व र उपयोगिता बल्ल थाहा हुनेछ। ताकमेलीको सिको गर्दै अन्य स्थानमा पनि धर्म भकारी स्थापना गरी व्यवस्थितरुपमा सञ्चालन गर्न सकिएमा भोकमरीको समस्या कम गर्न सहयोग पुग्नेछ।


यस प्रा लि बाट उत्पादित बिभिन्न ब्राण्डका वाईनहरुको मूल्यसूची आ.ब. २०७९।०८० का लागि मिति २०७९।०४।०४ देखि लागू हूने गरी हाललाई मिति २०७८।११।०८ गतेको पोखरा पत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्यसूची बमोजिमनै कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

snowman

स्नोम्यान वाईनरी प्रा. लि.

पनौती, काभ्रे

# उत्पादन वृद्धिसँगै चैते धान भित्र्याउने चटारो

–वासुदेव पौडेल
पोखरा, ३ साउन (रासस)

असारको महिना छोपेर अधिकांश स्थानमा कृषकले धान रोपिसकेका छन् । कास्कीमा ८० प्रतिशतभन्दा बढी खेत रोपिसकिएको छ भने राम्रोसँग मुल नफुटेका कारण कतिपय स्थानका टारी खेतमा भने रोपाइँ हुन सकेको छैन ।

जिल्लाका अधिकांश स्थानमा रोपाइँ भैसकेको पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । असारे रोपाइसँगै कास्कीका कतिपय स्थानमा कृषक चैतेधान भित्र्याउन लागेका छन् । कास्कीको पोखरा महानगरपालिका वडा नं १३, १४, १५, २६, २७ र ३३ लगायतका विभिन्न स्थानमा यस वर्ष चैते धान खेतीका लागि पोखरा महानगरपालिका कृषि महाशाखाले सहयोग गरेको छ । कास्कीको एक हजार रोपनी क्षेत्रफल खेतमा चैते धानको बीउ सँगै प्रतिरोपनी रु ९०० का दरले अनुदान सहयोग गरिएको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो । दक्षिणी भेग सुरौदी खोलाको किनार कुर्लिङ क्षेत्रस्थित नरपतेमा त्यहाँ स्थानीय कृषकको सक्रियतामा झण्डै २० वर्षयता बाँझिएको जग्गामा स्थानीयले चैते धान रोपेका छन् ।

अधिकांश स्थानमा कृषिप्रतिको अनिच्छाका कारण खेत तथा बारी बाँझिँदै गएको वास्तविकतामा यहाँका किसान भने तिनै बाँझिएकामध्ये २०० रोपनीभन्दा बढी क्षेत्रफलको खेतमा यतिखेर बाँझो फोरेर सामूहिक चैते धान रोपेका हुन् । कुर्लिङ बराह कृषक समूहमा सङ्गठित यहाँका १२ कृषक परिवारको समूहिक प्रयासमा विगत २० वर्षयता लगातार बाँझिएको खेतमा रोपाइँ गरिएको समूहका अध्यक्ष हरिप्रसाद आचार्यले बताउनुभयो ।

कृषिप्रतिको बढ्दो अनिच्छासँगै पछिल्ला वर्षमा सुरौदी क्षेत्रमा धेरै जग्गा बाझो भएको बताउँदै आचार्यले ती जग्गामा खेती गरी उत्पादन बढाउन अन्य कृषकलाई पनि अभिप्रेरित गर्ने उद्देश्यले सामूहिक चैते धानखेती गरिएको जानकारी दिनुभयो । चैते धानखेतीका लागि महाशाखाले सङ्घीय शसर्त धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत महाशाखाले उन्नत जातको चैते ५ र हर्दिनासे बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो । उन्नत जातको धानको बीउ विगतमा भन्दा मसिनो खालको छ । कार्यक्रमअन्तर्गत नै सिँचाइका लागि पनि सहयोग गरिएको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो ।

महाशाखाबाट चैते धान रोपाइँ अघि सो समूहका तीन जना कृषकलाई तालिमसमेत दिइएको बताउँदै कडरियाले आगामी दिनमा आवश्यकताअनुसार अन्य सहयोग पनि उपलब्ध गराउने बताउनुभयो । यसै गरी कास्कीमा यस वर्ष चैते धानको उत्पादन बढेको छ । विगतमा प्रति रोपनी दुई तीन मुरी मात्र फल्ने चैते धान अहिले छ सात मुरीसम्म फलेको महाशाखाले जनाएको छ । “पहिलेको चैते धान मोटो जातको थियो, अहिले भने मसिनो जातको छ”, उहाँले भन्नुभयो, “विस्तारै कृषकको पनि आकर्षण बढिरहेका कारण आगामी दिनमा सहज सिँचाइ उपलब्ध हुने स्थानमा कृषकलाई चैते धान खेतीतर्फ आकर्षित गराउने योजनामा छौँ ।”

यस वर्ष चैते धान रोप्न केही ढिलो गरिएका कारण पाक्न पनि समय लागेको बताउँदै उहाँले आगामी दिनमा चैत १५ गतेभित्र रोपिसक्नु पर्ने अनुभवले देखाएको कृषक बताउँछन् । समयमा नै रोपिएमा वर्षे धान पनि समयमा नै रोप्न सकिने सामूहिक धारणा छ । समूहले उक्त क्षेत्रमा व्यावसायिक तरकारीखेती गर्ने योजनासमेत राखेको समूहका सदस्य एवं कुर्लिङ पशुपन्छी तथा कृषि फर्मका सञ्चालक चेतबहादुर महतले जानकारी दिनुभयो । “सामुहिक खेतीका लागि त्यही किसिमको जागरुकता पनि आवश्यक छ”, उहाँले भन्नुभयो, “सबै कृषकलाई सङ्गठित गर्दै अघि बढ्ने हामीहरूको योजना छ ।” समूहकै सक्रियतामा कुर्लिङ बराह कृषक हित कोष स्थापना गरी प्रतिकृषक मासिक रु १०० सङ्कलन गर्न थालिएको छ । पछिल्ला समयमा यहाँ कृषक व्यावसायिक गाईभैँसीपालन, बाख्रापालनसँगै कुखुरापालन आदिमा व्यस्त बनेका छन् । उत्पादित भैँसी, बाख्रा, कुखराको बिक्रीका लागि बजार जानु नपर्ने र घर तथा फर्मबाटै बिक्री हुने गरेको यहाँका कृषक बताउँछन् ।

पछिल्ला वर्षमा सुरौदी खोलाको कटान नियन्त्रण हुन नसक्दा उब्जाउयोग्य जमिन बगरमा परिणत बन्दै गएको छ । कास्की, तनहुँ र स्याङ्जा तीन जिल्ला भएर बग्ने सुरौदी खोलाले बर्सेनि खेतीयोग्य जमिनको कटान गरिरहेको र यसलाई रोक्नुपर्ने स्थानीयको सामूहिक आवाज छ ।



स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ बिर्घा पुछारमा सयपत्री कर्मा ५५५ जातको फूलको भर्खरै उम्रेका बेर्नाहरु । गाउँपालिकाले फूल खेतीमा ५० प्रतिशत अनुदान दिने भएपछि यहाँ यसवर्ष ३५ रोपनी जग्गामा ५० हजार बिरुवा लगाईने भएको छ । तस्वीर : तोलाकान्त बगाले/रासस

# किसानको गुनासो : ‘आकाश हेर्दै असार बित्यो’

रासस
बागलुङ, ३ साउन

असारको दोस्रो सातासम्म रोपाइँ गरेर सकिसक्नुपर्ने म्याग्दीका ग्रामीण भेगका खेत यस वर्ष पर्याप्त वर्षा नभएका कारण बाँझै छन् । रोपाइँ भएका ठाउँमा पनि पानी अभावमा खेतका गह्रा धाँजा फाटेका छन् भने रोपेको धानको बीउसमेत मर्न लागेको किसानले बताएका छन् ।

“पोहोरपरार यतिबेलासम्म सबै खेत रोपेर सकिन्थ्यो, तर यसपालि भने आकाश हेरेरै असार बित्यो, वर्षा नहुँदा रोपाइँ हुन सकेन”, बेनी नगरपालिका-९ का विमला सुवेदीले भन्नुभयो, “पानी पर्ला भनेर राम्रोसँग नपकाइकन मकै थन्क्याइयो, रोपाइँको तयारीका लागि खेतका गह्रा खाली गरिए, तर वर्षा नहुँदा साउनको पहिलो सातासम्म पनि खेत बाँझै छ ।” पुलाचौरका नवीन बानियाँले पोहोर सालको तुलनामा त अहिले पानी नपरेका कारण सबै खेत बाँझै रहेको बताउनुभयो । “बीउ बुढिएर रोप्नै नमिल्ने भइसक्यो, यसपटक धान उत्पादन नै मुस्किल हुने भयो”, उहाँले भन्नुभयो । उहाँहरुले जस्तै जिल्लाका धेरै किसानले वर्षा नभएका कारण रोपाइँ गर्न पाएका छैनन् । किसान आकाशतिर हेर्दै भगवान् पुकारेर पानी मागिरहेका छन् तर पानी नपरेका कारण कतिपय ठाउँमा रोपाइँ भएको छैन, रोपाइँ भएका ठाउँमा पनि चिराचिरा परेर धाँजा फाटेको र रोपो मर्न लागेको किसानले बताएका छन् । “गाउँलेहरूले पानी देऊ भगवान् भनेर भजनकीर्तन गर्न थालेका छन्, तर पानी परेको छैन”, बेनी नगरपालिका-७ का शिव घिमिरेले भन्नुभयो, “ न समयमा मलबीउ पाइन्छ, न वर्षा हुन्छ, यसपटक धान उत्पादन राम्रो हुने लक्षण छैन ।” विगतका वर्षको तुलनामा यस वर्ष वर्षाको सम्भावना धेरै रहेको र बाढीपहिरो जानसक्ने भन्दै सतर्कता अपनाउन मौसम विभागले भनेको समाचार आएपछि समयमै रोपाइँ सकेर उम्किएर बस्न भन्दै पूरा नपाकेका मकैसमेत कृषकले थन्क्याएर खेत खाली गरेका थिए ।

कुलो र नहरको सुविधा भएको, खोला तथा नदी तटीय क्षेत्र र खोल्साका छेउछाउमा रहेका खेतमा रोपाइँ सकिएको भए पनि आकाशे पानीकै भर परेर रोपिने ठाउँमा रोपाइँ हुनसकेको छैन । वर्षा भएको बेलामा भल छोपेर रोप्ने तथा धारोको पानी जम्मा पारेर पालो गरेर जसोतसो रोपिएका खेत पनि सिँचाइ समस्यामा पटपटी फुटेका किसानले बताएका छन् । “आकाशे पानीको भरमा भल छोपेर रोप्नुपर्ने ठाउँमा त रोपाइँ नै भएको छैन, धाराको पानी जम्मा पारेर पालो गरेर रोपेको खेतमा सिँचाइ गर्ने पानी नपुग्दा रोपेको खेत पनि पट्पटी फुटेको छ”, बेनी नगरपालिका-२ बगरफाँटका जीतबहादुर कार्की भन्नुहुन्छ, “झमझम पानी पर्ने समयमा दिनभरि टन्टलापुर घाम लाग्छ । चर्को घामकै कारण अलिअलि रसाउन लागेका मूल पनि सुकिसके । पानी पर्ने लक्षण नै छैन, के गरी रोपाइँ गर्ने हो ? अब वर्षा भएछ भने पनि साउनमा रोपेको धान राम्रो फल्ने कुरै भएन ।” कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार आजसम्म जिल्लामा करिब ६८ प्रतिशत रोपाइँ पूरा भएको छ ।

धान उत्पादनको राम्रो क्षेत्र मानिएका ठाउँमा नै पानी अभावका कारण करिब आधा जति रोपाइँ भएको सूचना स्थानीय तहका प्राविधिकले दिएको उहाँको भनाइ छ । सिङ्गा, बाबियाचौर, बगरफाँट, रत्नेचौरलगायत राम्रो धान उत्पादन हुने क्षेत्रमा नै समयमा रोपाइँ भएको छैन । करिब ६८ प्रतिशत रोपाइँ भएको छ । थोपा-थोपा सँगालेर रोपेका ठाउँमा पनि सिँचाइ नहुँदा खेतका गरा चर्किएका किसानले बताएका छन् । काम सकेर फुर्सदिला हुने समयमा किसान काम नै (रोपाइँ) गर्न नपाएर पिरोलिएर बसेका छन् । प्रमुख खाद्य बाली पनि धान नै भएकाले वर्ष दिन खानुपर्ने अन्नका अभावमा अबको वर्ष बित्ने हो कि भन्ने चिन्ता उनीहरूलाई लागेको छ ।

यस सुर्य ब्लेण्डर्स प्रा लि बाट उत्पादित बिभिन्न ब्राण्डका मदिराहरुको मूल्यसूची आ.ब. २०७९।०८० का लागि हाललाई अहिले भईरहेको मूल्यसूची नै यथावत गरिएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

सुर्य ब्लेण्डर्स प्रा लि
आंबुखैरेनी, तनहुं

SURYA BLENDERS

# सिभिल सहकारी ठगी : इच्छाराजकी पत्नी पक्राउ

रासस
काठमाडौँ, ३ साउन

काठमाडौँको सिभिल सेभिङ एन्ड क्रेडिट सहकारी संस्थाबाट बचतकर्ताको ठूलो रकम ठगीमा मुछिएका मुख्य अभियुक्त इच्छाराज तामाङकी पत्नी सिर्जना शाक्य तामाङलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ ।

काठमाडौँ जिल्ला अदालतबाट गत पुस २७ मा पक्राउ पुर्जी जारी भई फरार रहेका सहकारीको तत्कालीन लेखा समिति सदस्य तामाङलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले काठमाडौँस्थित रामशाहपथबाट पक्राउ गरेको हो । उनलाई आवश्यक कानूनी कारबाहीका लागि आजै काठमाडौँ जिल्ला अदालतमा पेस गरिएको ब्यूरोका प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिनुभयो । उनीहरूको मिलेमतोमा काठमाडौँ महानगरपालिका-१३, सोल्टीमोडस्थित उक्त सहकारी संस्थामा आकर्षक ब्याजदर दिनेलगायत विभिन्न प्रलोभनमा पारी ठूलो सङ्ख्याका बचतकर्तालाई रकम जम्मा गर्न लगाई सङ्गठितरूपमा रु पाँच अर्ब ८४ करोड ४० लाख ठगी भएको खुल्न आएको थियो ।

उक्त सहकारीमा विगत तीन वर्षदेखि बचत गरेको रकमको साँवा तथा ब्याज माग गर्दा नदिइएको भन्दै एक हजार ५३० जना पीडितले ब्यूरोमा ठगी एवं सङ्गठित अपराध कसुरमा जाहेरी दिएका थिए । सोही जाहेरीका आधारमा अनुसन्धान सम्पन्न गरी ब्यूरोले गत मङ्सिर १७ गते संस्थाका पूर्वअध्यक्ष इच्छाराज तामाङसहित १२ जना प्रतिवादीलाई पक्राउ गरी काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । हाल प्रतिवादी इच्छाराज तामाङ र केशवलाल श्रेष्ठ पुर्पक्षका लागि कारागारमा छन् ।

# बागलुङमा चिया उत्पादनको तयारी

रासस
बागलुङ, ३ साउन

तीन वर्ष पहिले बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा लगाएको चिया टिप्नका लागि ठिक्क पारिएको छ । सुरुमा १० हजार चियाको बोट लगाइएको उक्त स्थानमा अहिले ५६ हजार चियाका बोट छन् । उक्त स्थानमा तीन वर्ष लगाएर ६७ रोपनी जग्गामा चियाखेती थालिएको हो । पहिलो वर्ष लगाएको चियाको बोट काटछाँट गरेर टिप्नका लागि तयारी अवस्थामा छन् ।

रेशलाई चिया उत्पादनको ‘हब’ बनाउनका लागि चियामात्रै होइन, बिरुवासमेत उत्पादन गर्ने योजना वडा कार्यालयको छ । रेशले एक वर्षभित्र चियामात्रै होइन, चियाका बिरुवासमेत निर्यात गर्ने काठेखोला गाउँपालिका-७ का वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो । “रेशमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँमा समेत समावेश छ, बिरुवा लगाउनका लागि यही परियोजनाले सहयोगसमेत गरेको छ”, उहाँले भन्नुभयो, “तीन वर्षमै उत्पादनको चरणमा आउला भन्ने सोचेकै थिएनौँ, अहिले पहिलोपटक लगाएका १० हजार चियाका बोटले उत्पादन दिन थालेका छन्, हामीले रेशमै ग्रिन चिया उत्पादन गरेर बिक्री गर्ने लक्ष्य लिएका छौँ भने चिया प्रशोधन औजारसमेत आइसकेको छ, हामीले प्राविधिकको आवश्यक परामर्शपछि चिया टिपेर प्रशोधन गर्न थाल्नेछौँ”, वडाध्यक्ष लामिछानेले मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँमार्फत चियाका बिरुवा उत्पादनका लागि नर्सरीसमेत तयार भइसकेको बताउनुभयो ।

अहिले चिया प्रशोधन केन्द्र स्थापना र बिरुवा उत्पादनका लागि नर्सरी व्यवस्थापन भने स्थानीय रेश साना किसान कृषि सहकारीमार्फत भइरहेको छ । चियाका मुना तयार भइसकेको र चिया प्राविधिकको सल्लाहमा पहिलोपटक परीक्षणका लागि चिया टिपेर प्रशोधन गर्ने रेश साना किसान सहकारी संस्थाका अध्यक्ष यामबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँले जिल्लामा पहिलोपटक चिया उत्पादन गर्ने तयारीमा आफूहरू रहेको बताउँदै आगमी वर्षदेखि थप चियाका बोटले समेत उत्पादन दिँदै जाने बताउनुभयो ।

“यो वर्ष चियाको उत्पादन परीक्षण हुनेछ, चिया टिप्न तयारी अवस्थामा छौँ, तीन वर्षमै चिया दिन थालेपछि यहाँका स्थानीयवासी चियाखेतीतर्फ आकर्षित हुन थालेका छन्, बर्सेनि चियाका बिरुवा थप्दै जाने र उत्पादनसमेत बढ्दै जानेछ, आगमी तीन वर्षपछि ५६ हजार बिरुवाले नै चिया उत्पादन दिन थाल्नेछन् भने त्यत्तिकै मात्रामा नयाँ बिरुवा थपिनेछन्”, अध्यक्ष कार्कीले भन्नुभयो, “चियाको बिरुवा जति झाङ्गिँदै गयो त्यति नै उत्पादन वृद्धि हुने अपेक्षा छ, चिया प्रशोधन औजार आइसकेको छ भने चियाका बिरुवा उत्पादनका लागि टर्नेल स्थापना गरिसकेका छौँ, अब बिरुवा उत्पादन गरेर रेशमा रहेको सबै खाली जग्गामा लगाउनेमात्रै छैनौँ निर्यातसमेत गर्नेछौँ ।”

आर्थिक वर्ष २०७८/७९ मा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषिगाउँअन्तर्गत प्राप्त रु नौ लाख ५० हजारले चिया प्रशोधन औजार र नर्सरीका लागि टर्नेल निर्माण गरेको उहाँको भनाइ छ । हालसम्म रेशलगायत सिगाना र धम्जामासमेत ताराखोलास्थित गोल्डेन टि स्टेटमा उत्पादन भएको बिरुवा लगाउँदै आएकामा अबदेखि रेशमै बिरुवा उत्पादन गरिने छ । तीन वर्षअघि रेशको जनकल्याण आधारभूत विद्यालयको जग्गा र बौरको खाली जग्गामा चियाखेती थालिएको थियो । रेशमा चियाको राम्रो सम्भावना देखिएपछि सार्वजनिक जग्गामा मात्रै नभएर यहाँका व्यक्तिगत जग्गालाई समेत उपयोगमा ल्याउने वडा कार्यालयको लक्ष्य छ ।

चियाखेतीका लागि उच्च पहाडी र भिरालो जमिन उपयुक्त हुने भएका कारण पहाडी क्षेत्रमा चियाखेतीतर्फको आकर्षण बढ्दो देखिए पनि रेशले आफूलाई व्यावसायिक बनाउँदै लगेको छ । रेशले भन्दा पहिला बागलुङ नगरपालिकाले वडा नं ८ सिगानामा चियाका बिरुवा लगाए पनि स्थानीयवासीले सक्रियता नजनाउँदा बिरुवा बढाउन सकेको छैन । जिल्लामा छ वर्षअघिदेखि व्यावसायिक चियाखेती थालिएको हो । पूर्वऊर्जा राज्यमन्त्री रामजीप्रसाद शर्मा, गण्डकी प्रदेशसभा सदस्य इन्द्रलाल सापकोटालगायतको अगुवाइमा साविकको अमरभूमि गाविसको सिरबारेमा गोल्डेन टि स्टेट कम्पनीमार्फत व्यावसायिक चियाखेती थालिएको छ ।

कम्पनीले ताराखोला गाउँपालिका-१ सिरबारेमा ५६२ रोपनी जग्गामा चियाखेती थालेको छ भने बिरुवा उत्पादन गरेर बिक्रीसमेत गर्दै आएको छ । परीक्षणका लागि ग्रिन टि उत्पादन गर्दै आएको कम्पनीले समेत चिया प्रशोधन औजार खरिद गरिसकेको छ । कम्पनीले छिट्टै चियाको व्यावसायिक उत्पादन थाल्ने योजना बनाएको छ ।

समुद्री सतहबाट एक हजार ८०० मिटरदेखि दुई हजार ३०० मिटरसम्मको उचाइमा चियाखेती राम्रो हुने चिया प्रविधिज्ञ बताउँछन् । माटोको अवस्था, चिस्यान, भिरालो जग्गा तथा हावा नछेक्ने खुला भू-बनोटमा चियाखेती फस्टाउने गरेको छ ।

# असारमा मात्रै सवा दुई अर्ब खर्च

पोखरापत्र संवाददाता
बागलुङ, ३ साउन

बागलुङमा गत असार महिनामा मात्रै रु दुई अर्ब १५ करोड खर्च भएको छ । जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले मात्रै उक्त खर्च गरेका हुन् ।

असारमा मात्रै चालुतर्फ रु एक अर्ब एक करोड ९५ लाख ५५ हजार खर्च भएको छ । यो कूल विनियोजनको भएको बजेटको १२.४६ प्रतिशत हो । असारमा मात्रै यहाँका सरकारी कार्यालयले रु एक अर्ब २४ करोड ८४ लाख खर्च गरेका छन् । कूल विनियोजित रु दुई अर्ब ७४ करोड एक लाख मध्ये ३४.२८ प्रतिशत बजेट असारमा मात्रै खर्च भएको छ । पछिल्लो ११ महिनामा ४१.७२ प्रतिशत मात्रै पुँजीगत खर्च गरेका कार्यालयले असारमा मात्रै उक्त खर्च गरेका हुन् । पूँजीगत शीर्षकको बजेटको ठूलो मात्रा असारमा खर्च गर्ने प्रवृतिमा अझै सुधार आउन सकेको छैन । कार्यालहरुबाट खर्च भएको तथ्याङ्कलाई हेर्दा चालु आवमा ८८.७५ प्रतिशत खर्च भएको छ । चालुतर्फ ९४.४५ प्रतिशत र पुँजीगततर्फ ७५.२८ प्रतिशत बजेट खर्च भएको हो । गत आवमा जिल्लामा कूल ८७.८५ प्रतिशत खर्च भएको थियो । गत वर्ष ८३.०७ प्रतिशत पुँजीगत खर्च गरेका कार्यालयले ९०.३१ प्रतिशत चालु आवमा खर्च गरेका थिए । अघिल्लो बर्षको तुलनामा चालु खर्च बढेको भए पनि पुँजीगत खर्चमा भने कमी आएको छ । जिल्लास्थित सङ्घीय सरकारअन्तर्गत कार्यालयले भन्दा प्रदेश सरकारअन्तर्गत कार्यालयको पुँजीगत खर्च अनुपात उल्लेख्य रहेको छ । असार मसान्तसम्म सङ्घीय सरकारको ५८.२५ प्रतिशत पुँजीगत खर्च हुँदा प्रदेश सरकारको ८७.७४ प्रतिशत पुँजीगत खर्च भएको छ । सङ्घीयतर्फ पुँजीगत शीर्षकमा रु एक अर्ब, ५४ करोड २६ लाख विनियोजन भएकामा रु ८९ करोड ८५ लाख खर्च भएको छ । असारमा मात्रै रु ३३ करोड ७३ लाखभन्दा बढी खर्च भएको छ ।